शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

कोरोना संक्रमणदर घटेको
मात्र हो: पूर्णरूपमा हटेको छैन ।
त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा
स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।

अनुरोधक

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

वर्ष : १० | अङ्क : २० | २०८० चैत २७ गते मङ्गलबार | 9 April. 2024, Tuesday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रू.: ५-

# नागरिक अगुवाहरुले भने : संकटापन्न संचार माध्यम बचाऔं

## आर्थिक मन्दीमा जीवित रहनु पनि सकारात्मक : मेयर खाँन

**गौतमबुद्ध सन्देश**
भैरहवा, २६ चैत ।

सिद्धार्थनगर भैरहवामा अत्यन्त संभावना भएपनि यहाँका संचारमाध्यम संकटमा परेको उल्लेख गर्दै यहाँका स्थानीय सरकार तथा उद्योगी ब्यवसायीहरुले विकास, समृद्धि, सुशासन र आवाज विहिनहरुको आवाजका लागि संचारमाध्यमको दीगोपनामा ध्यान दिनुपर्ने खाँचो औल्याएका छन् ।

बिगत केहि बर्ष यता शुरु भएको आर्थिक मन्दीको असरले उद्योग ब्यवसाय धरासायी बन्दै गएको परिणाम समाजका हरेक क्षेत्रमा देखिएको भन्दै सोमबार आयोजित अन्तर्क्रिया कार्यक्रमका सहभागी बक्ताहरुले त्यसको असर संचार माध्यममा पनि देखिएको बताए । गौतमबुद्ध मिडिया प्रा.लि. तथा गौतमबुद्ध सन्देश दैनिक पत्रिका दश बर्षमा प्रवेश गरेको अवसरमा आयोजित सिद्धार्थनगरको विकासमा गौतमबुद्ध सन्देशको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँनले सिद्धार्थनगरमा लगातार नौ बर्ष पत्रिकाको प्रकाशन हुनु यस क्षेत्रको लागि गर्वको बिषय भन्दै पत्रिकाको उन्नतिको कामना गरे । उनले बिषम परिस्थितिमा गरीवी भएपनि जिउँदो भएकोमा गर्व गर्नुपर्ने भन्दै जबसम्म जिउँदो भइन्छ, तबसम्म संभावना बाँकी रहने भएकाले आशावादी हुन आग्रह गरे ।



नगरप्रमुख खाँनले सिद्धार्थनगरको विकास र समृद्धिका लागि स्थानीय संचारमाध्यमको महत्वपूर्ण भूमिका रहने भन्दै संकटमा परेका संचार माध्यमको सहयोगका लागि विशेष पहल गर्ने प्रतिबद्धता ब्यक्त गरे । उनले लुम्बिनीका बौद्ध विहारहरुमा पर्यटक राखेर ब्यवसायीलाई डुबाउने खेल भैरहेकोमा खेद ब्यक्त गर्दै पर्यटक राख्ने काम होटल ब्यवसायको मात्र रहेको बताए ।

वित्तीय संकट बढेको र बैंकबाट ब्यवसायी पीडित बनेका उल्लेख गर्दै प्रमुख खाँनले कालो धन सेतो बनाउन अवसर दिन सके तरलता ब्यवस्थापन हुने बताए । सरकारलाई एक पटकका लागि कालो धन बैध गराउने अवसर दिन आग्रह गर्दै उनले सिद्धार्थनगरबाट गरीवी निवारण गर्ने आफ्नो सपना रहेको जानकारी दिए ।

गौतमबुद्ध मिडिया प्रा.लि.का अध्यक्ष खिमबहादुर खत्रीले पत्रिकाको बाँच्ने आधार बिज्ञापन भएको उल्लेख गर्दै स्थानीय विज्ञापनमा स्थानीय संचार माध्यमको अधिकार स्थापित नभएसम्म समस्या समाधान नहुने बताए । उनले उत्साहका साथ संचार माध्यममा गरिएको लगानीको प्रतिफल समाजले पाइरहेको उल्लेख गर्दै पत्रिकालाई टिकाइराख्न समस्या उत्पन्न भएकाले यसलाई प्रवर्द्धन गर्ने दायित्व समाजकै भएको उल्लेख गरे । अध्यक्ष खत्रीले अहिलेसम्म दुःख सुख पत्रिका टिकाइरहेको भएपनि आगामी दिनमा कसरी निरन्तरता दिने भनेर चिन्ता थपिएको गुनासो गरे ।

सिद्धार्थ नागरिक सञ्जालका अध्यक्ष अनिल ज्ञवालीले भैरहवाको विकास निर्माणमा गौतमबुद्ध सन्देश दैनिकको महत्वपूर्ण भूमिका रहेकाले यसको निरन्तरता आवश्यक भएको बताए । उनले शिक्षा, स्वास्थ्य र पर्यटक यहाँबाट बाहिर गएको उल्लेख गर्दै त्यसलाई रोक्न गरे नगरको समृद्धि हुने दाबी गरे । अध्यक्ष ज्ञवालीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा संचालन हुन नसक्दा यहाँका सयौं ब्यवसायी धरासायी बनिरहेको बताए । सिद्धार्थ होटल एशोसिएसनका अध्यक्ष सिपी श्रेष्ठले देश कहाँ गैरहेको छ, सरकार कहाँ छ प्रश्न गर्दै व्यवसायीको समस्यामा सरकार मुकदर्शक बनेको बताए । अध्यक्ष श्रेष्ठले नेताहरु नीतिगत भ्रष्टाचारमा लिप्त हुँदा त्यसको सास्ती आम जनताले ब्यहोर्नु परेको दावी गरे । सात प्रतिशत ब्याजको कर्जा १६ प्रतिशत पुग्दा अधिकांश ब्यवसायी विस्थापित बनिरहेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले मिडियाले मात्र सरकारको खबरदारी गर्ने र देश बचाउने भएकाले टिकाइराख्न आवश्यक भएको औल्याए ।

सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष ठाकुर कुमार श्रेष्ठले भैरहवामा पर्यटक आएर के हेर्ने ? कसरी उनीहरुलाई भुलाउने ? के छ पर्यटकलाई देखाउने ? प्रश्न गर्दै पर्यटकीय गन्तब्य अहिलेको आवश्यकता भएको औल्याए । उनले सरकारले एयरपोर्ट चलाउन पहल नगरेसम्म यहाँको समृद्धि असंभव भएको उल्लेख गर्दै स्थानीय कला संस्कृति बचाउन स्थानीय सरकारले पहल गर्नुपर्नेमा जोड दिए । सरकार, नीजि क्षेत्र र संचार माध्यमको एकतामा मात्र भैरहवाको विकास संभव भएको श्रेष्ठले औल्याए ।

कार्यक्रममा उद्योग ब्यापार संगठन रुपन्देहीका अध्यक्ष राममिलन यादव, सिद्धार्थ साहित्य परिषदका अध्यक्ष डिल्लीराज भट्टराई, बरिष्ठ साहित्यकारहरु बिजय सागर, रुद्र ज्ञवाली, सृजना खनाल, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजका सूचना अधिकारी शुशिल गुरुङ्ग, लुम्बिनी होटल एशोसिएसनका अध्यक्ष गोविन्द ज्ञवाली, लुम्बिनी प्रेस क्लबका निवर्तमान अध्यक्ष तथा समता टेलिभिजनका निर्देशक नरेश केसी, खवरपात्रो डट कमका सम्पादक दीपक घिमिरे, गौतमबुद्ध मिडिया प्रा.लिका संचालकद्धय नारायणप्रसाद भण्डारी, सुरेन्द्र बस्याललगायतले पनि कार्यक्रममा विचार प्रकट गरेका थिए ,।

## मिडियाले स्थानीय सरकारलाई सजग बनाएको छ

मिडियाले स्थानीय सरकारलाई सजग बनाएको छ । इमान्दारी र धैर्यताका साथ अघि बढ्यौ भने निश्चय नै भोलीको दिन हाम्रा लागि सुखद हुन्छ बैंकमा पैसा जम्मा गर्दै ब्याज मात्र खाएर मुलुकको विकास हुन सक्दैन । बचतमा न्यूनतम प्रतिशत राखिए ऋणको ब्याजदर पनि घट्छ । यस क्षेत्रको मिडिया बचाउन यहाँका उद्योगी व्यवसायीले सहयोग गर्नुपर्छ । स्थानीय मिडियाको संरक्षण तथा प्रवर्द्धन गर्नु स्थानीय सरकारको पनि दायित्व हो । यो कुरा हामीले बुझेका छौं । हामी बाँचेको छौं । यो पनि महत्वपूर्ण कुरा हो । त्यसैले निराश नबनौं । केही समयका लागि हामी समस्यामा छौं । अहिले सम्भावना छन् । लुम्बिनी क्षेत्रभित्र सञ्चालित गुम्बा र बिहारमा पर्यटक राखेर पर्यटनको विकास हुँदैन । होटल व्यवसायी मर्कामा परेका छन् । बैंकले पनि व्यवसायीका मर्का बुझ्नुपर्छ ।



**इश्तियाक अहमद खान**
प्रमुख
सिद्धार्थनगर नगरपालिका, रुपन्देही



# सम्पादकीय

## विकृत राजनीति

राजनीति र सत्ता अलग अलग बिषय हुन् । सत्ताले राजनीतिलाई होइन राजनीतिले सत्तालाई निर्देश गर्नुपर्छ । तर सत्तालाई केन्द्रमा राख्दा राजनीति फोहोर र घीनलाग्दो बन्दै गैरहेको छ । हिजो निरंकुशता र बिद्रुप राजनीतिमाथि औंला ठड्याउने हातहरु हिजोको बिद्रुपतालाई उछिन्ने ध्याउन्नमा हुनु अत्यन्तै चिन्ताको बिषय हो । अझ संघीय संरचनामा गएका हामीहरुले केन्द्रीकृत शासन ब्यवस्थाकै अनुशरण हुने काम गर्दै गैरहेका छौं । संघीय सरकारमा गठबन्धन फेरिएसँगै प्रदेशहरुमा त्यसको असर देखा पर्नु, हिजो अरुले गर्दा औंला उठाउने हातहरुले हिजोलाई उछिन्ने गरी सत्ताको लागि अनैतिक बन्दै जानु र सत्ता प्राप्तिलाई एक मात्र उद्देश्य मान्नु बिडम्बना हो । हाम्रा राजनीतिक दलहरुले यस्तै अभ्यास आरम्भ गरेका छन् । हिजो काँग्रेस-एमाओवादीसहितको गठबन्धनले कानुन र संसदीय अभ्यासको धज्जी उडाएका थिए भने आज एमाले-एमाओवादी गठबन्धनले पनि सोहि बाटो हिड्न थालेका छन् । संघीय सरकार फेरिएपछि सोहि प्रकृतिमा सातै प्रदेशमा सरकारहरु फेरिनै पर्ने मान्यता संघीयता र राजनीतिक स्वच्छताको हिसावले अपरिपक्व निर्णय हो ।

गत बर्ष कोशी प्रदेशमा एमाले नेतृत्वको प्रदेश सरकार ढाल्न सभामुख प्रयोग भएका थिए । सभामुख समेतको सहभागितामा कोशी प्रदेशमा सरकार गठन भएपछि त्यसले राजनीतिक विकृतिको बिजारोपण भएको थियो । यद्यपि सो निर्णयलाई अदालतले सच्याइदियो । उसै प्रकृतिको अभ्यास गण्डकीमा पनि शुरु भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले एमालेसँग गठबन्धन गरेपछि सातै प्रदेशमा सरकार बनेका थिए । उनले दुई महिनामै एमाले छाडेर काँग्रेसतिर लागेपछि सबै प्रदेशका सरकारहरु फेरिए । सरकार फेर्न अनैतिक खेल शुरु भयो । एक बर्षमै प्रधानमन्त्री दाहालले काँग्रेस छाडेर एमाले गठबन्धनतिर लागेपछि सातै प्रदेशमा त्यसको प्रभाव देखिएको छ । कतिपय प्रदेशमा सरकार फेरिइसके भने कतै फेरिने क्रममा छन् । सरकार फेरिंदा हुने नहुने जे पनि खेलखण्ड भएका छन् । एउटा सिट हुने सांसद जता पनि मन्त्री हुन बार्गेनिङ गर्ने, अस्थिरता ल्याउन सहयोगी हुने काम भएको देख्न सकिन्छ । संघीयताको मर्म यस्तो थिएन । संघीय सरकार फेरिएपनि प्रदेशहरुलाई स्वतन्त्र छाड्न सक्नुपर्नेमा दलहरु चुकेका छन् । यसले तत्कालका लागि कार्यकर्तालाई मन्त्री बनाउँदा त कार्यकर्ता ब्यवस्थापन होला तर दीर्घकालीन रुपमा भने बदनामी शिवाय केहि हुने छैन । हिजो निरंकुश शासनको आरोप खेप्नेहरुले नै आज लोकतन्त्रवादीहरुलाई खिसीट्युरी गर्ने वातावरण बन्नु राम्रो संकेत होइन ।

गौतमबुद्ध मिडिया प्रा.लि. तथा गौतमबुद्ध सन्देश दैनिक पत्रिकाको दशौं बर्ष प्रबेशको अवसरमा सोमबार भैरहवामा आयोजित भैरहवाको समग्र बिकासमा गौतमबुद्ध सन्देश दैनिकको भुमिका विषयक अर्न्तक्रिया कार्यक्रममा सहभागी अतिथिहरुबाट ब्यक्त बिचारको अशं:

## भैरहवालाई पहिलो प्राथमिकता



**अनिल कुमार ज्ञवाली**
अध्यक्ष
सिद्धार्थ सञ्जाल, रुपन्देही

गौतमबुद्ध सन्देशले भैरहवाको समाचारलाई पहिलो प्राथमिकता दिएको छ । यहाँका आर्थिक, सामाजिक लगायत विषयवस्तु समेटेको छ । शिक्षा र स्वास्थ्यका नाममा धेरै रकम भैरहवाबाट बाहिरिएको छ । निजी क्षेत्र बच्यो भने मात्र सबै बच्ने हो । अहिले निजी क्षेत्र बचाउने बेला हो । यस क्षेत्रको विकासका लागि एकढिक्का भएर अघि बढनूपर्छ । साझा विषयमा कसले नेतृत्व गरेर जस पाउँछ भन्दा पनि सबै मिलेर समस्या समाधानमा केन्द्रीत हुनुपर्छ ।

## मिडिया सञ्चालन गर्न निकै चुनौती थपिएको छ




**नरेश के.सी.**
निवर्तमान अध्यक्ष
लुम्बिनी प्रेस क्लब, रुपन्देही

पत्रकार कति जिम्मेवार छन् भन्ने कुरा अग्रज पत्रकार चेतन पन्तको लेखबाट पुष्टी हुन्छ । उहाँ अहिले अस्वस्थ हुनुहुन्छ । तर, पनि यस क्षेत्रको विकास र समृद्धिको अभियानमा लागिपर्नुभएको छ । उहाँको कलम अझै रोकिएको छैन । पछिल्लो समय 'युटुब पत्रकारिता' मौल्याएको छ । युटुब पत्रकारितामार्फत आफै न्यायाधिश बन्दै गरेर फैसला जस्तो गर्ने कार्य भइरहेको छ । सामाजिक सञ्जालको दुरुपयोग पनि भइरहेको छ । हाम्रो समाज कता जाँदैछ ? हरेक क्षेत्रमा केही विकृति अवश्य हुन्छन् । स्थानीय मिडियालाई संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हो । स्थानीय सरकार तथा निजी क्षेत्रले स्थानीय सञ्चार माध्यमलाई सहयोग गर्नुपर्छ । अहिलेको अवस्थामा मिडिया सञ्चालन गर्न निकै चुनौती थपिएको छ ।

## मिडिया बचाउनु हाम्रो दायित्व हो



**ठाकुर कुमार श्रेष्ठ**
अध्यक्ष
सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देही

भैरहवाबाट प्रकाशित गौतमबुद्ध सन्देश दैनिकले सधै भैरहवाको विकासका लागि महत्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । भैरहवाको विकास मिडिया, संघ-संस्था तथा आम नागरिकको चासोको विषय हो । डण्डा कोरिडोर योजना राम्रोसँग चलाउने सके भैरहवाको काँचुली फेर्न सकिन्छ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्नुपर्ने निकाय तयार भएको देखिएन । हामी निरन्तर आवाज उठाइरहेकै छौं । भैरहवाको मौलिक संस्कृति मास्नुहुँदैन । पुरानो इतिहासलाई बिर्सनुहुँदैन । हामी सबै एकजुट भएर अघि नबढेसम्म भैरहवाको विकास हुन सक्दैन । अहिले उद्योग-व्यवसाय धरासायी भएका छन् । यस क्षेत्रको मिडिया बचाउनु हाम्रो दायित्व हो । हामी आफ्नो दायित्वबाट भाग्दैनौ ।

## गौतमबुद्ध सन्देश भैरहवाको गहना हो



**रुद्र ज्ञवाली**
साहित्यकार

भैरहवामा कम्तीमा एउटा दैनिक पत्रिका सञ्चालन भइरहेको छ । यो भैरहवाको गहना हो । सबै मिलेर यसलाई बचाउनुपर्छ । यस क्षेत्रका विभिन्न संघ-संस्था तथा निजी क्षेत्रले यही क्षेत्रबाट सञ्चालित मिडियामा विज्ञापन दिएर सहयोग गर्नुपर्छ ।

## मिडियामा काम गरेकोले मिडियाको मर्म बुझ्छु



**राम मिलन यादव**
उपाध्यक्ष
चेम्बर अफ कमर्श (उद्योग व्यापार संगठन, रुपन्देही)

मैले पनि विगतमा मिडियामा काम गरेकोले मिडियाको मर्म बुझ्छु । आजको परिवेश र समय केही फरक छ । उद्योगी, व्यवसायी तथा स्थानीय सरकारले मिडियालाई सहयोग गर्नुपर्छ । त्यसमा पनि छापा सञ्चार माध्यमलाई अली ग्राहो छ ।

## मिडिया समाजको लागि हो



**दीपक घिमिरे**
प्रधानसम्पादक
खबरपात्रो डटकम

अहिलेको अवस्थामा मिडिया बचाउन चुनौती छ । स्थानीय सरकार र निजी क्षेत्रको सहयोग बिना मिडिया कसरी चल्छ ? यस क्षेत्रको विकासका लागि मिडियाको महत्वपूर्ण भूमिका छ भन्नेमा दुईमत नै छैन । सबै एकजुट भएर अघि बढ्नुपर्छ । मिडियालाई मजबुत बनाउनुपर्छ । मिडिया समाजको लागि हो ।

## व्यवसायिक रुपमा अगाडि बढ्नुपर्छ



**सुशील गुरुङ**
जनसम्पर्क अधिकृत
युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज (युसीएमएस)

पत्रिका व्यवसायिक रुपमा अगाडि बढ्न नसके निरन्तरता पाउन सक्दैन । सबैभन्दा महत्वपूर्ण कुरा व्यवसायिकता हो । विशेष गरी छापा सञ्चार माध्यम अहिले संकटमा छ । प्रविधिसँगै अगाडि बढ्नुपर्छ । मिडियाले यस क्षेत्रका विभिन्न गतिविधिलाई अझ सशक्त रुपमा प्रस्तुत गर्नुपर्छ ।

## पत्रकारिता पेशालाई मर्यादित बनाउनुपर्छ



**डिल्लीराज भट्टराई**
साहित्यकार

पत्रकारिता पेशालाई मर्यादित बनाउनुपर्छ । यो पेशालाई मागी खाने भाडो बनाउनुहुँदैन । भैरहवाको मौलिक पहिचान र यहाँका पर्यटकीय स्थलहरुको बारेमा उजागर गनुपर्छ ।

## निजी क्षेत्र र मिडिया क्षेत्र समस्यामा छन्




**चन्द्रप्रकाश श्रेष्ठ**
अध्यक्ष
सिद्धार्थ होटल संघ, नेपाल

हामीलाई भविष्यको भन्दा पनि वर्तमानको बढी चिन्ता छ । सरकारले नीतिगत कुरामा व्यवसायीलाई सहजीकरण गरेको छैन ।

अहिलेको अवस्थामा बैंक ब्याज, कर्मचारीको तलब, विद्युत महसुल पनि तिर्न समस्या भइरहेको छ । व्यवसायीको घर लिलाम हुने अवस्थामा छ । लुम्बिनीका मोनाष्ट्रीले होटल व्यवसाय सञ्चालन गर्दा होटल व्यवसायी निकै नै मर्कामा परेका छन् । निजी क्षेत्र आफै समस्यामा परेका कारण मिडिया क्षेत्रलाई सहयोग गर्न नसकेको हो कि भन्ने लाग्छ । तर, पनि सक्दो सहयोग हुन्छ ,

## पत्रकारको पीडा बुझ्नुपर्छ



**विजय गोविन्द श्रेष्ठ**
संस्थापक अध्यक्ष
भैरहवा मर्निङ्गवाक ग्रुप (बी.एम.जी.)

मिडिया बचाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्छ । पत्रकारको पीडा बुझ्नुपर्छ । पत्रकारले आफ्नो जिम्मेवारी निर्वाह गरिरहदा र विषय उठान गर्दा उक्त विषयप्रति ध्यान जानुपर्ने सम्बन्धित निकायको भने ध्यान जान सकेको छैन । सिद्धार्थनगरमा फोहोरमैला व्यवस्थापनकै समस्या छ । जथाभावी फोहार फाल्नेलाई कारवाहीको दायरामा ल्याउनुपर्छ । हाटबजार तराईको संस्कृति हो । हाटबजार संस्कृति नष्ट गर्नु भनेको अपराध हो । करौडौं रकम खर्चेर भवन बनाइयो । तर, ती भवन प्रयोगबिहीन भएका छन् । यहाँ हरेक कुरामा राजनीति गरिन्छ । भागबण्डा हटाऔं । भागबण्डाको परम्परा हटाउन सकिए मुलुकको विकास हुन्छ ।

## छापा सञ्चार माध्यमलाई समस्या थपिएको छ



**सिर्जना खनाल**
साहित्यकार

डिजिटल प्रविधिका कारण छापा सञ्चार माध्यमलाई केही समस्या थपिएको छ । म यस गौतमबुद्ध सन्देश पत्रिकाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

## मिडियाहरु मर्जमा पनि जानु आवश्यक छ



**गोविन्द प्रसाद ज्ञवाली**
अध्यक्ष
लुम्बिनी होटल संघ, नेपाल

मिडियाहरु मर्जमा पनि जानु आवश्यक छ । निजी क्षेत्रबाट सक्दो सहयोग गर्नेछौं । लुम्बिनीको विकास अपरिहार्य छ । गौतमबुद्ध सन्देश दैनिकलाई अझ उत्कृष्ट कसरी बनाउन सकिन्छ ? त्यसतर्फ पनि ध्यान दिदै अगाडि बढ्न म सुझाव दिन चाहन्छु ।

# स्थानीय सरकारप्रति जनताका गुनासै गुनासा




गुल्मी : गुल्मीमा स्थानीय सरकारप्रति स्थानीयका गुनासै गुनासा व्यक्त गरेका छन्। यहाँको रेसुंगा विमानस्थलबाट हुने उडानका लागि सहज रूपमा हवाई टिकट नपाएको र त्यसका लागि पहुँचवालाको मात्र हालीमुहाली हुने गरेको यहाँका स्थानीयले गुनासो गरेका हुन्।

रेसुंगा नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा वडा नम्वर ४ का गोपालमणी शर्माले सहज रुपमा हवाई टिकटको व्यवस्था नभएको गुनासो गरे।

सहज रुपमा टिकटको व्यवस्था नहुँदा सर्वसाधारणहरुले सेवा लिन नपाएको र पहुँचवालाको मात्र हाली मुहाली भएको गुनासो गरे।

सीमित सिट हुने र सर्वसाधरणले सहज रुपमा अनलाइनबाट टिकट बुकिङ गर्न नसक्दा आफूहरुले सेवा लिन नसकेको स्थानीयको गुनासो छ।

यस्तै, स्थानीय नागरिक चन्द्रकान्त भण्डारीले पशुसेवाका कार्यहरूपनि ग्रामीण स्तरमा नपुगेको गुनासो गरे। उनले नगरपालिकाको कार्यालयमा मात्र कार्यक्रम सीमित नगर्न र ग्रामीण स्तरमा पनि कृषकहरु छन् भन्ने सोच्नका लागि आग्रह गरे।

स्थानीय भोजेन्द्र भण्डारीले कृषकको उत्पादनलाई बजारीकरणको जिम्मा नगरपालिकाले लिनुपर्ने धारण राखे। कृषकले उत्पादन गरेका कृषि उपजलाई नगरपालिकाले खरिद गर्ने व्यवस्था गरेमा कृषकलाई बजारको चिन्ता नहुने, उत्पादनमा केन्द्रित हुने र उत्पादनमा वृद्धि हुने उनको तर्क छ।

यस्तै, वडा नम्बर ४ की उजेली विकले जंगली जनवार बाँदर लगायतले खेतबारीमा लगाएको खेतीपाती जोगाउनै समस्या भएका बताइन्। यही अवस्थामा बाँदरले गरीखान नदिने र उठीबास लगाउने अवस्था आएकाले उचित व्यवस्थापन गर्न उनले आग्रह गरिन्।

सार्वजनिक सुनुवाइ कार्यक्रममा शिक्षकहरुले मासिक रुपमा पारिश्रमिकको व्यवस्था गर्न, दिवा खाजाको रकममा कमी भएको र विद्यालय मर्च र दरबन्दी मिलानमा स्थानीय आवश्यकतालाई ध्यानमा राख्न सुझाव दिएका थिए।

नेपाल नागरिक उड्यन प्राधिकरणसँग सहज रूपमा टिकटको व्यवस्था गर्नका लागि आफूले पहल गरेको रेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए। नागरिकहरुको समस्यालाई आफुले नजिकबाट नियालेको बताउँदै पन्थीले तत्काल समस्याको समाधान गर्ने दाबी गरे। नगरभित्रका नागरिकहरुलाई सहज रुपमा सेवा प्रवाह गर्न र कृषकलाई उत्पादनसँग जोड्नका लागि नगरपालिकाले योजना बनाएको उनको भनाइ छ। जंगली जनावरको समस्या राष्ट्रव्यापी भएको भन्दै जसको समाधानका लागि संघीय सरकारले नै नीति बनाउनुपर्नेमा उनले जोड दिए।

# लुम्बिनी बिकास कोषका योजना प्रमुख भट्टराईविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लुम्बिनी विकास कोषमा कार्यरत योजना प्रमुख इन्जिनियर सरोज भट्टराईविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

भट्टराईले कोषमा ठेक्कालिने निर्माण कम्पनिबाट ८० लाख घुस लिएको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको हो । उनले सो रकम आफ्नो आमाको नाममा बुझेर भक्तपुरमा जग्गा किनेको अख्तियारको दाबी छ ।उजुरीको अनुसन्धानको क्रममा मालपोत कार्यालय, भक्तपुरबाट पत्र साथ प्राप्त विवरणमा सरोज भट्टराईको आमा जनक नन्दनी भट्टराईको नाममा जिल्ला भक्तपुर गुण्डु गा.वि.स. वडा नं. ३ स्थित कित्ता नम्बर १३७४ र १३७५ क्रमशः २-९-०-१ र ०-२-१-० क्षेत्रफल भएको जग्गा खरिद गर्दा जग्गा विक्रेताको बैंक खातामा रकम जम्मा गरेको बैंक भौचरबाट देखिए पश्चात् उक्त रकम के कसरी प्राप्त भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा जग्गा खरिद गर्नको लागि लुम्बिनी विकास कोषमा ठेक्काको काम गर्ने निर्माण सेवाका प्रोप्राइटरसँग घुसरिसवत माग गरी निज प्रोप्राइटरको बैंक खाताबाट जग्गा विक्रेताको बैंक खातामा चालीस लाख रुपैयाँ तथा जग्गा खोजी दिने व्यक्तिको बैंक खातामा चालीस लाख गरि असी लाख रुपैयाँ रकम जम्मा गराएको अख्तियारले आरोप लगाएको छ। लुम्बिनी विकास कोषमा योजना प्रमुखको रूपमा कार्यरत भट्टराईले कोषमा ठेक्का पट्टाको काम गर्ने निर्माण सेवाका प्रोप्राइटरसँग घुस रिसवत स्वरूप माग गरेको असी लाख रकम आफैले प्रत्यक्ष रूपमा नलिई आमा जनक नन्दनी भट्टराईको नाममा जग्गा खरिद गर्दा उक्त रिसवत रकम प्रयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेको मुद्दामा जनाएको छ।

अख्तियारले भ्रष्टाचार निवारण ऐन अनुसार ८० लाख बराबरको बिगो माग गर्दै कानुन अनुसार हुने सजायसहित मुद्दा दायर गरेको जनाएको छ।

# बुटवल बेलबासका किसान विश्वकर्मा पाल्पामा मृत भेटिए

बुटवल । बुटवल १३ बेलबासका ७० वर्षिय बृद्ध पाल्पाको तिनाउमा मृत फेला परेका छन् । बुटवल उपमहानगरपालिका-१३ बेलबास घर भएका बुद्ध किसान विश्वकर्मा पाल्पाको तिनाउ-३ मा पर्ने सिद्धार्थ राजमार्ग किनारमा मृत फेला परेका हुन् । स्याङ्जा भिरकोट स्थायी घर भएका विश्वकर्मा राजमार्गको किनारमा घोप्टो परेको अबस्थामा अचेत रहेको भन्ने सूचनाका आधारमा प्रहरीले उद्दार गरेर लुम्बिनी प्रादेशीक अस्पताल बुटवल पुऱ्याएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। बेलबासका विश्वकर्मा तिनाउ ३ को राजमार्गमा कसरी पुगे ? र उनको मृत्यु कुरी भयो ? भन्ने सम्बनधमा प्रहरीले अनुसन्धान थालेको पाल्पा प्रहरी प्रवक्ता डीएसपी सुगन्ध श्रेष्ठले बताए।


**Yasodhara Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Lumbini Province**
**Baidauli, Kapilvastu**
***Invitation for Bids***
First Date of Publication: 2024/04/09 AD

1. Yasodhara Rural Municipality, Kapilvastu invites electronic bids from eligible bidders for the following Projects under National Competitive Bidding procedures..

| S.N | Contract No | Description of Works | Estimated Amount Excluding Vat and Contingencies | Bid Security Amount | Price of Bid Document (Nrs) |
|---|---|---|---|---|---|
| 1 | 13/WORKS/NCB/YRM/080-81 | Wada No Ko Wada Karyalay Bhawan Nirman | 9031574 | 240000 | 3000 |
| 2 | 14/WORKS/NCB/YRM/080-81 | Smart Bidhyalay Jansewa Aadharbhoot Bidhyalay Amlohana Boundary Wall Nirman Ra Smart Bidhyalay Ko Mato Pataan | 4114997 | 105000 | 3000 |
| 3 | 15/WORKS/NCB/YRM/080-81 | Baidauli Main Road Dekhi Budhapaar Simana Huday Sultanawapur Samma Sadak Marmat | 2228717 | 60000 | 3000 |
| | Deadline for Bid Submission | 2024/05/09, 12hours | | | |
| | Date and Time of Bid Opening | 2024/05/09, 14hours | | | |
| | Account Number for Bid Document Purchase | Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Name of Office: Yasodhara Rural Municipality, Baidauli<br>Name of Account: Ga 1.1 Antarik Rajaswa Khata<br>Office Account Number: 02715229661 | | | |
| | Account Number for Bid Security Deposit | Account Name: Dharauti Khata<br>Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Account Number: 02715083935 | | | |

Eligible Bidders may obtain further information at the office of Yasodhara Rural Municipality, Kapilvastu or by reaching out to them at Telephone 9847193099 or by dropping a mailat itoyasodharamun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]

1. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-05-2024 14:00 hoursat the office of Yasodhara Rural Municipality. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amountingas mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered asthe last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.

**Bhumikasthan Municipality**
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**
**Invitation for Bids**

Date of publication: 09-04-2024 (2080-12-27)

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Account Name : Internal Revenue.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend in office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province Nepal as specified below. Bid Security must be valid for a period of 90 Days for First Notice and 45days for Second Notice after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal as specified below.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egpas specified below. Bids received after this deadline will be rejected.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT) | Bid Security Amount In NRs | BID Document Purchase Date and Time | BID Submission Date and Time | BID Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| First Notice | | | | | | | |
| 31/BMA/G/AA/2080/081 | Procurement and Supply of Agriculture Ambulance (Single cab pickup 4WD) | NRs. 3000.00 (Not Refundable) | 22,12,389.38 | 62500 | 08st May, 2024 17:00 hrs. | 09st May, 2024 12:00 hrs. | 09st May, 2024 13:00 hrs. |
| Second Notice | | | | | | | |
| 30/BMA/W/UPG/080/81 | NuwakotHatiya to Kot Road and Kot Maintenance Works. | NRs. 1000.00 (Not Refundable) | 1298699.02 | 37500 | 23rdApril, 2024 17:00 hrs. | 24thApril, 2024 12:00 hrs. | 24thApril, 2024 13:00 hrs. |

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# इमान्दारिता पूर्वक काम नगर्दा देशको उन्नती हुन सकेन – सांसद घिमिरे




**गौतमबुद्ध सन्देश**
भैरहवा, २६ चैत।

रुपन्देही जिल्ला क्षेत्र नं ५ का प्रतिनिधि सभा सदस्य बासुदेव घिमिरेले आर्थिक शुसान सहित काम नहुँदा देशको उन्नती नभएको बताएका छन् । नेपाल भन्सार एजेन्ट संघ, सिद्धार्थनगर, रुपन्देहीको २५ औं वार्षिक साधारण सभा तथा ११ औं अधिबेशनमा बोल्दै सांसद घिमिरेले नेपालमा पूर्णरुपमा शुसाशन कायम हुन नसक्नुमा सबैले आ आफ्नो ठाउँबाट काम नगर्ने गर्दा समस्या भएको बताए । भन्सारको जाँचपास हुँदा के के हुन्छन् तपाईँलाई धेरै थाहा छ भन्दै सांसद घिमिरेले एजेन्ट र कर्मचारी मिल्दैनन् प्रहरी र प्रशासन मिल्दैनन र जनताको पक्षमा काम गर्छन् भन्ने यहीँ बेलहियाबाट सुरुवात हुनुपर्ने बताए । कसैलेपनि मर्ने समयमा पैसै लिएर नजाने बताउँदै इमान्दारीता भएर काम गर्न कर्मचारी र एजेन्ट संघलाई उनले आग्रह गरे । अहिले देशमा सबै तहले नै इमान्दारीता पूर्वक काम गर्न नसक्दा देशको उन्नती हुन नसकेको बताए।

कर्मचारीले मालदार मन्त्रालय कार्यालय खोज्नुको कारण के हो भन्दै प्रश्न गरे । नेपाल सरकारले दिएको तलद एउटै भएको बताउँदै मालपोतमा काम गर्ने कर्मचारीलाई रुपन्देही जिल्ला नै किन चाहियो ? गुल्मी गएर काम किन नगर्ने भन्दै प्रश्न गरे । गुल्मीमा घर जग्गाको काम कम हुन्छ रुपन्देहीमा बढी हुन्छ आखिर कर्मचारीको तलब त जहाँ भए नि एउटै हो नि । सांसद घिमिरेले कर्मचारी, नेता देखि सबैले आ आफ्नो ठाउँबाट इमान्दारितापूर्वक काम गरेमा देशमा सुशासन आउने बताए।

भन्सार सम्बन्धी बिभिन्न कानुनलाई सबैको सल्लाह बमोजिम सहजीकरण गर्ने गरी काम गर्न ऐन बनाउने काममा तत्पर भएर लाग्ने घिमिरेले प्रतिबद्धता ब्यक्त गरे।

भन्सार एजेन्ट महासंघका केन्द्रीय अध्यक्ष भरतराज घिमिरेले कानुन बनाउँदा कर्मचारीलाई बनाउन दिने, सांदहरुलाई विशेष ज्ञान नहुने कर्मचारीले आफ्नो अनुकुलले बनाउने गर्दा धेरै त्रुटी भएको बताउँदै सांसदले बैठकमा उठाउन आग्रह गरे। अबका नयाँ भन्सार ऐजेन्ट पास गरेर आएकाहरु अधिकृत स्तरका ज्ञान भएका आएका बताउँदै अब भन्सार कार्यालयलाई एजेन्टहरुले यो नियमले लेखेको छ किन हुँदैन भनेर प्रश्न सोध्नुपर्ने बताए।

भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारद गौतमले पछिल्लो पटक आएर आम मानिसको धारणा भन्सार प्रति आम मानिसको धारणा सकारात्मक नभएको बताउँदै नेपाल भन्सार एजेन्ट संघ र भन्सार एजेन्ट परिषद नेपालबीचको एकता अधिवेशन भएपछि भन्सार कार्यालयप्रति सरोकारवाला निकाय साझेदार संस्थाहरुको नकारात्मक धारणा न्यूनिकरण हुने बताए। भन्सारका प्रक्रियाका सरलीकरण गर्ने कार्यमा, सबैको सुझाव सल्लाह लिने कार्यमा भन्सार कार्यालय सदैव तत्पर रहेको बताए।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद शर्माले देशको अर्थतन्त्रलाई अहम भूमिका निर्बाह गर्ने काम भन्सार ऐजेन्टको भएको बताए। शर्माले राजस्व संकलन कम हुनु ब्यवसायको अवस्था झनै घट्नु चोरी निकासी प्रमुख कारण भएको बताउँदै क्यारिङ एजेन्टका कारण पेशा धाराशायी बनेको बताए। क्यारिङ गरी सामान ल्याउनेका कारण ब्यवसायमा आघात पुगेको बताए । कार्यक्रममा नेपाल उद्योग परिसंघ लुम्बिनीका अध्यक्ष एजाज आलम, सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इस्तीयाक अहमद खाँन, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर कुमार श्रेष्ठ, उद्योग ब्यापार संगठन रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठ, सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिल कुमार ज्ञवाली, नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष नेत्र पाठक लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए । भन्सार एजेन्ट संघमा नयाँ नेतृत्व

नेपाल भन्सार एजेन्ट संघ सिद्धार्थनगरको ११ औं अधिबेशनले मधु पन्थीको अध्यक्षतामा १७ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ।

जसको वरिष्ठ उपाध्यक्षमा हिरालाल धोवी, प्रथम उपाध्यक्ष ओम प्रकाश गिरी, द्धित्तिय उपाध्यक्ष सत्यनारायण चौधरी, तृतिय उपाध्यक्षमा वाके प्रसाद मेडीहार, महासचिवमा विष्णु प्रसाद भुसाल, कोषाध्यक्षमा प्रकाश पौडेल, सचिव गोबिन्द रेग्मी चयन भएको निर्वाचन संयोजक कमल रायमाझीले जानकारी दिए।

त्यसैगरी कार्यसमिति सदस्यहरुमा जिवलाल भण्डारी, बिपिन पराजुली, रुक्मांगत खनाल, सीता सापकोटा, अशोक शर्मा, हिमा कुमारी शर्मा, सुमन पन्थ र रामप्रसाद आचार्य चयन भएको निर्वाचन अधिकृत कृष्ण धितालले जानकारी दिए।

# ड्रिम युनिक रूपन्देही सुपरलिगः नेपथ्य तिलोत्तमाको जित




**गौतमबुद्ध सन्देश**
भैरहवा, चैत्र २६।

नेपथ्य तिलोत्तमा क्रिकेट क्लबले ड्रिम युनिक रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगितामा मेलवर्न क्रिकेट क्लबमाथि जित निकालेको छ । डिभिजन 'ए' अन्तर्गत सोमबारको खेलमा नेपथ्य तिलोत्तमाले मेलवर्नलाई ४ विकेटले पराजित गरेको हो।

जितका लागि पाएको १ सय ३७ रनको लक्ष्य नेपथ्य तिलोत्तमाले ३७ ओभर ५ बलमा ७ विकेट गुमाई १ सय ३९ रन बनाउँदै सहजै भेट्टायो । उसको जितमा मनिष थापाले ६५ रनको अर्धशतकीय महत्वपूर्ण इनिङ खेल्दा संदीप यादवले २३, स्वस्तिक पराजुलीले १२, कृष्ण भुसालले ११ र अमन बोहराले अविजित १० रनको योगदान दिए। बलिङमा मेलवर्नका रोशनलाल गुप्ता र कृष्ण पराजुलीले २-२ तथा रमेश कुर्मी र इकलाख अहम्मदले समान १-१ विकेट लिए । यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको मेलवर्नले निर्धारित ५० ओभरको खेलमा ३८ ओभरमा अलआउट हुँदै १ सय ३६ रनको झिनो योगफल बनाएको थियो । उसका लागि समीर अलीले ४३, इकलाख अहम्मदले ३६ र रोशनलाल गुप्ताले १३ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । बलिङमा नेपथ्य तिलोत्तमाका लक्ष्मण कुमाल र आशुतोष पाण्डेले ३-३ तथा कृष्ण भुसालले २ विकेट लिए। खेलमा नेपथ्य तिलोत्तमाका लक्ष्मण कुमाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे। रुपन्देही क्रिकेट संघको आयोजना तथा ड्रिम युनिक कन्सलटेन्सी प्रालि, बुटवलको मुख्य प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले १ लाख १ हजार र उपविजेताले ५० हजार १ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् । म्यान अफ द सिरिजलाई १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीलाई जनही ५ हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचलाई १ हजार २ सय रुपैयाँ दिइनेछ। प्रतियोगिता आगामी वैशाख ४ गतेसम्म सञ्चालन हुने संघका सदस्य समेत रहेका प्रतियोगिता संयोजक प्रथम पराजुलीले बताए।

pradip kunwar
*owner and founder*
sales/service/repair

**Swastik IT Solution**

Laptop & Desktop
Printer
PABX [Intercom]
CCTV Camers
Networking
Security Sustem

in font of nepal telecome,
Aawaroad
Bhairahawa, Rupandehi, Nepal
+977-71-590613
9857010613, 9801310613
sits590613@gmail.com

## विमालेख हराएको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडद्धारा जारी मेरो निम्न व्यहोराको विमालेख यहि मिति २०८० फागुन १५ गते भैरहवादेखी बुटवल जाने क्रमा बाटोमा हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा उल्लेखीत सम्पर्क नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**विमितको नामः** पानेश्वर पौडेल
**विमालेख नं.** : १५०००२८४२
**ठेगानाः** सिद्धार्थनगर न.पा.-६, भैरहवा, रुपन्देही
**सम्पर्क नं.**: ९८५७०२४८४५

## यशोधरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बैदौली ,कपिलबस्तु
### लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचनाप्रकाशितमिति:२०८०/१२/२६गते)

यस यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रको मुल्यांकन पछि न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका तपसिल बमोजिमको बोलपत्रदताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को १ बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदताहरुलाई जानकारीका लागि तथा सोहि ऐन को दफा २७ को २ र ३ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

| क्र स. | ठेक्का नः | कामको विवरण | न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | मूकर.अ.समेत कबोल रकम रु |
|---|---|---|---|---|
| १ | 11/GOODS/NCB/YRM/080/81 | Procurement and Supply of Sanitary Pad. | Angel Touch Hygine Manufacturing Pvt. Ltd, Mahila Ghar, Bhaisepati. | ७,६९,१६८.४/- |

## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतिय उपकरण सधै लगआउट गरौं।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
- साथी भाई वा अन्य फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्याक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

**अनुरोधक**

लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनि**कका लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल